नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सङ्घीय मामिला शाखा

प.सं.२०८२/०८३

च.नं. 63

सिंहदरबार, काठमाडौं ।

मिति २०८२/०९/२८

११४६ पोहेलागा

बिषयः- बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सम्बन्धमा।

श्री स्थानीय तह(सबै)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवारको प.सं. ०८२/८३, च.नं. १२, मिति २०८२/०९/२३ को पत्रबाट बाल श्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न अनुदानको लागि पुनः प्रस्ताव माग गरिएको सम्बन्धि पत्र सबै स्थानीय तहमा परिपत्र गरिदिनु हुन भनी लेखीआएकोले पत्रमा उल्लेखित विषय जानकारी एवं कार्यान्वयनको लागि यसैपत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(हरिप्रसाद पौडेल)

शाखा अधिकृत

बोधार्थः-

श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं।

श्री सूचना प्रविधि शाखा,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारः- सम्बन्धित स्थानीय तहको Portal र मन्त्रालयको website मा upload गरिदिनु हुन।

फोनः ४२००२८६, email: federal.affairs1@gmail.com, वेबसाइट : www.mofaga.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८२/०८३
चलानी नं.:- ९२

मितिः २०८२/०९/२३
ने.सं.११४६ पोहेलागा चतुर्थी, बुधवार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिँहदरवार, काठमाण्डौ।

विषयः बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि पुनः प्रस्ताव माग गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा वालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को अनुसूची १ वमोजिमको घरधुरी सर्वेक्षण गरी सो को प्रतिवेदन सहित अनुसूची २ को ढाँचामा तहाँ मन्त्रालय मार्फत स्थानीय तहवाट प्रस्ताव माग गर्ने मिति २०८२।९।२२ मा (सचिवस्तर) निर्णय भएकोले पुनः प्रस्ताव माग गर्ने विषययक पत्र यसैसाथ संलग्न राखी सवै स्थानीय तहमा परिपत्र गरिदिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

(महेशकृष्ण महर्जन)
शाखा अधिकृत

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११३९१. फ्याक्स नं.:- +९७७-०१-४२११८७७

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८२/०८३
चलानी नं.:- ११

मितिः २०८२/०९/२३
ने.सं.११४६ पोहेलागा चतुर्थी, बुधवार

श्री स्थानीय तह सबै (७५३)
मार्फतः- श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिँहदरवार, काठमाडौं ।

विषयः <u>बाल श्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न अनुदानको लागि पुनः प्रस्ताव माग गरिएको सम्वन्धमा ।</u>

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आ.व.०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम मन्त्रालयको मिति २०८२।८।१२ को निर्णयानुसार बालश्रममुक्त स्थानीय तह घोषणा सम्वन्धी कार्यक्रम संचालनका लागि वालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को दफा ६ र ७ मा व्यवस्था भए वमोजिम सशर्त अनुदान पठाउने प्रयोजनका लागि ईच्छुक पालिकाहरुलाई ३५ दिनको समयावधि तोकी यस मन्त्रालयमा प्रस्ताव पेश गर्न मिति २०८२।८।१४ गते सबै स्थानीय तहहरुलाई अनुरोध गरिएकोमा तोकिएको समयावधी भित्र पर्याप्त आवेदन प्राप्त हुन नआएकोले यस अघि अनुदान प्राप्त नगरेका इच्छुक र योग्य स्थानीय तहहरुले मिति २०८२ साल माघ २९ गतेभित्र वालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को अनुसूची १ वमोजिमको घरधुरी सर्भेक्षण सम्पन्न गरेको प्रतिवेदनसहित सोही कार्यविधिको अनुसूची २ वमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न यस मन्त्रालयको मिति २०८२/०९/२२ को (सचिवस्तरीय) निर्णयानुसार पुनः सूचना गरिएको व्यहोरा अनुरोध छ । साथै, उक्त प्रस्ताव यस मन्त्रालयको बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा वा शाखाको ईमेल ठेगाना **childlabournepal@gmail.com** वा info@moless.gov.np मा समेत उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

२०८२।९।२३

(महेशकृष्ण महर्जन)
शाखा अधिकृत



Scanned with